लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
फोन नं.: ०८२-४०२१३१

# सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

सुचना नं.: ०२/२०८१/०८२

प्रथम पटक प्रकाशित मितिः २०८१/१२/०५

प्रदेश सरकार (मन्त्रीपरिषद) बाट भालुबाङ अस्पताल, दाङको स्वीकृत अस्थायी दरबन्दी अन्तर्गतका तपसिल बमोजिम पदहरुमा करार कर्मचारी व्यवस्थापन कार्यविधि(संशोधन), २०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले २०८२ असार मसान्तसम्मको लागि प्रदेश निजामती सेवा ऐन, २०८० र सो सम्बन्धी नियमावली, २०८० बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन), २०८० मा तोकिएको ढाँचामा रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | सेवा | समूह/उपसमूह | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८१/०८२ | क.मेडिकल जनरलिष्ट | नवौं | स्वास्थ्य | मेडिकल जनरलिष्ट | १(एक) |
| २. | ०२/२०८१/०८२ | क.जनरल फिजिसियन | नवौं | स्वास्थ्य | मेडिसिन/जनरल मेडिसिन | १(एक) |
| ३. | ०३/२०८१/०८२ | क.अब्ट्रेट्रिसियन तथा गाइनोकोलोजिष्ट | नवौं | स्वास्थ्य | अब्स्ट्रेट्रिसियन तथा गाइनोकोलोजिष्ट | १(एक) |
| ४. | ०४/२०८१/०८२ | क.अर्थोपेडिक सर्जन | नवौं | स्वास्थ्य | सर्जरी | १(एक) |
| ५. | ०५/२०८१/०८२ | क.पेडियाट्रिसियन | नवौं | स्वास्थ्य | पिडियाट्रिक | १(एक) |
| ६. | ०६/२०८१/०८२ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | जनरल हेल्थ सर्भिस | १(एक) |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल फोन नं.: ०८२-४०२१३१

१.दरखास्त फाराम बुझाउने विधि र स्थानः स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश(देउखुरी), नेपालको प्रशासन शाखामा दरखास्त फाराम उपलब्ध हुनेछ वा स्वास्थ्य मन्त्रालयको वेवसाइट www.mohp.lumbini.gov.np मार्फत डाउनलोड गरी दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरु सहित यस मन्त्रालयमा दरखास्त पेश गर्नुपर्नेछ ।स्थान स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश(देउखुरी, नेपाल।

२.दरखास्त दस्तुरः नवौ तहको लागि रु.१२००।– (एक हजार दुई सय मात्र), आठौं तहका लागि रु. १०००।– (एक हजार मात्र) ।

३.दरखास्त दिने अन्तिम मितिः २०८१/१२/२० गते

४.उम्मेदवारको उमेरको हदः लुम्बिनी प्रदेश निजामती सेवा ऐन र नियमावली, २०८० बमोजिम ।

५.आवश्यक न्यूनतम योग्यताः सम्बन्धित पदका लागि लोकसेवा आयोगले तोके बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

६.दरखास्त दस्तुर बुझाउने विधि र स्थानः नेपाल बैंक लिमिटेडको सिसहनिया शाखा, दाङमा रहेको ख१.१ राजश्व खाता नं.२७४०२०००००१००१००००००१, कार्यालय कोड नं. ३७०००५६०२५, राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा जम्मा गरेको सक्कल बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ । स्थान स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका(देउखुरी), नेपाल ।

७.दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरुः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकता, तालिम, अनुभव, प्रचलित कानून बमोजिम काउन्सिल दर्ता एंव नवीकरण भएको प्रमाणपत्रहरुको प्रतिलिपिहरु एक/एक थान स्वयंमले प्रमाणित गरि दरखास्त फारामको ढाँचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साइजको २(दुई) प्रति फोटो पेश गर्नु पर्नेछ ।

८.छनौटको आधार र प्रकृयाः संक्षिप्त सूची र अन्तरवार्ता

९.पदमा रही गर्नुपर्ने कामको विवरणः सेवा, समूह सम्बन्धी ।

१०.तलबः सम्बन्धित पद/तहका लागि प्रदेश सरकारले तोकेको तलव स्केल ।

११.अन्तरवार्ता सूचनाः संक्षिप्त सूचीमा परेका सहभागीहरुको नामावली प्रकाशन तथा अन्तरवार्ताको सूचना मन्त्रालयको वेवसाइट www.mohp.lumbini.gov.np मा प्रकाशित गरिनेछ ।

१२.अन्तरवार्ताको मिति, समय र स्थानः अन्तरवार्ताको लागि मिति, समय र स्थान भालुबाङ अस्पताल, दाङको संक्षिप्त सूची प्रकाशन गर्दाका बखत तोकिनेछ।

नोटः सूचनामा उल्लेख नभएको विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा स्वास्थ्य मन्त्रालयका नायब सुब्बा नरेन्द्रकुमार घर्तीमगर (सम्पर्क नं. ९८६८०८५९६७) तथा वेवसाइट www.mohp.lumbini.gov.np मा सम्पर्क गर्नुहुन अनुरोध छ ।